आज मिति २०८२।०२।१६ गते शुक्रबारका दिन, बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा बेनी नगरपालिकाका नगर प्रमुख श्री सुरत के.सी. ज्यूको अध्यक्षता तथा देहायको उपस्थितिमा बसेको बेनी नगर कार्यपालिकाको आ.व. २०८१।८२ को एघारौं बैठकमा निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरत के.सी. | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | ज्योती लामिछाने पौडेल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | अर्जुन शर्मा | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | रमेश कुमार श्रेष्ठ | प्रबक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-७ | |
| ५ | टेक बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | याम बहादुर क्षेत्री | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | अण बहादुर खडका | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | गोबिन्द बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | उत्तम कुमार कर्माचार्य | वडा अध्यक्ष, बेनी नगरपालिका-८ | |
| १२ | चक्र बहादुर के.सी. | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | मसबिर रोका | वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | कृष्ण कुमार बि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | किसान बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | मन कुमारी बिश्वकर्मा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | सृजना श्रेष्ठ | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | सुजता किसान | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | बबिता सापकोटा | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | मिना कुमारी कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | निर्मला मल्ल | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

**अन्य उपस्थिति:**

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

CamScanner

**बेनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेनी, म्याग्दी**

## आर्थिक वर्ष २०८१।८२ को एघारौँ कार्यपालिका बैठकका निर्णयहरु

*(मिति: २०८२।०२।१६ गते)*

१. बेनी नगरपालिका मातहतका विद्यालयहरुका लागि चालु आर्थिक वर्षमा कक्षा १ देखि ६ सम्मको पुस्तक छपाई गरिएकोमा कक्षा ७ को पाठ्यपुस्तक तयार गर्न ढिला भएको हुँदा उक्त कक्षाको पुस्तक छपाई चालु आ.व.मा कक्षा १ देखि ६ सम्मको पुस्तक छपाई गर्न दिइएको संस्थाबाट छपाई गर्दा मितव्ययी हुने तथा तत्काल पाठ्यपुस्तक प्राप्त गर्न सकिने हुँदा कक्षा ६ को पाठ्यपुस्तक छपाईको दररेट बमोजिम हुने गरी सो संस्थालाई कक्षा ७ को पाठ्यपुस्तक छपाईको जिम्मेवारी दिने।

२. बेनी नगरपालिका, वडा नं. ५, पुलाचौरमा निर्माणाधीन रावण पार्क निर्माण योजनाको म्याद समाप्त भएको, म्याद थपका लागि निर्माण कम्पनीबाट निवेदन पेस हुन आएको तथा पूर्वाधार विकास शाखाबाट समेत म्याद थप गर्न आवश्यक देखिएको व्यहोराको प्रतिवेदन प्राप्त भएकोले सार्वजनिक खरिद नियमावलीको चौधौँ संशोधन समेतका आधारमा उक्त योजनाको म्याद मिति २०८२ असार २५ गते सम्म थप गर्ने।

३. बेनी नगरपालिका, वडा नं. ७ को सिंगा जाने तथा अर्थुङ्गे जाने चोक नजिक (बेनी नगर कार्यपालिकाको कार्यालय देखि माथि) पहिरोका कारण ठूलो ढुङ्गा बाटो माथी बसी विपद् घटना निम्तिन सक्ने सम्भावना देखा परेकोले जोखिम व्यवस्थापनका लागि उक्त ढुङ्गा कटान गर्नुपर्ने हुँदा आवश्यक प्रक्रिया अगाडि बढाउने र सो बापतको प्राविधिक प्रतिवेदन बमोजिम हुन आउने खर्च बेनी नगरपालिकाको नगर विपद् व्यवस्थापन कोषबाट व्ययभार हुने गरी भुक्तानी गर्ने।

४. निर्माणाधीन बेनी-महारानीथान-छापा-डाँडाखेत सडकको डाँडाखेत देखि कालीमाटी खण्ड आवतजावत गर्न अधिक असहज रहेकोले उक्त खण्डमा ग्राबेल गर्ने गरी व्यवस्था मिलाउने तथा उक्त निर्माण कार्य गर्दा लाग्ने रकमको भुक्तानी प्राविधिक प्रतिवेदन बमोजिम निर्माणाधीन बेनी-महारानीथान-छापा-डाँडाखेत सडक योजनामा बचत हुन गएको रकमबाट भुक्तानी गर्ने।

सुरत के.सी.
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३